# लुम्बिनी विकास बैक लि.

## तेह्रौं वार्षिक साधारण सभाको
## निर्णय विवरण (माइन्यूट)

१. प्रारम्भिक :

यस लुम्बिनी विकास बैक लि. को मिति २०७७ पौष ४ गते बसेको सञ्चालक समितिको ३८० औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाईएको तेह्रौं बार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री दशरथ रिसालज्यूले पानसमा दीप प्रज्वलन गरि समुद्घाटन गर्नुभयो । उक्त सभा सम्बन्धी विस्तृत विवरणहरु तपसिल बमोजिम रहेका छन ।

**वार्षिक साधारण सभा सम्पन्न भएको**
**मिति : २०७७ पौष २६ गते, आइतवार ( १० जनवरी २०२१ )**
**स्थान : केन्द्रीय कार्यालय, डिल्लीबजार, काठमाण्डौ**
**समय : बिहान ११:०० बजे देखि**

(हाल विश्वभर फैलिएको कोभिड-१९ महामारीको कारण नेपाल सरकारले तोकेको सीमाभित्र मात्र शेयरधनीहरु सभामा प्रवेश गर्न सक्नुहुने भएकोले शेयरधनीहरुको उपस्थितीको लागि Virtual माध्यम Zoom मार्फत सभामा सहभागी हुने व्यवस्था मिलाईएको थियो )

२. उपस्थिति :

(क) **सञ्चालकहरु :**

१. श्री दशरथ रिसाल - अध्यक्ष (संस्थापक शेयरधनीको तर्फबाट)
२. श्री चिन्तामणी भट्टराई - सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट)
३. श्री केशब खतिवडा - सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट)
४. श्री प्रविण कृष्ण श्रेष्ठ - सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
५. श्री प्रताप कुमार आचार्य - सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
६. श्री रामचन्द्र सिग्देल - सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
७. श्री अंजु कुमारी गुप्ता - सञ्चालक (स्वतन्त्र)

(ख) **विकास बैंकका पदाधिकारी**

१. श्री नरेश सिंह बोहरा - प्रमुख कार्यकारी अधिकृत
२. श्री पवन ढकाल - बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री उमेश रेग्मी - नायव प्रमुख कार्यकारी अधिकृत
४. श्री हरि कृष्ण सुवेदी - मुख्य प्रबन्धक/कम्पनी सचिव
५. श्री दिपक खनाल - मुख्य प्रबन्धक
६. श्री नवराज भण्डारी - प्रमुख लेखा विभाग

Lumbini Bikas Bank Limited Head Office

(ग) उपस्थित शेयरधनीहरुको विवरण :

| विवरण | संस्थापक | | सर्वसाधारण | | कुल |
|---|---|---|---|---|---|
| | स्वयं तथा Zoom मार्फत उपस्थिति | प्रतिनिधि मार्फत | स्वयं तथा Zoom मार्फत उपस्थिति | प्रतिनिधि मार्फत | |
| शेयरधनी संख्या | ३ | १३१ | ११६ | १९७ | ४४७ |
| शेयर संख्या | १,१४,०१,२५५ | | ३३,६१,२०३ | | १,४७,६२,४५८ |

३. **सभाको बैधानिकता :**

(क) **सभाको बारेमा सार्वजनिक सूचना :**

यस विकास बैंकको तेह्रौं वार्षिक साधारण सभा शुरु हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार सभाका सभापति श्री दशरथ रिसालज्यूको आज्ञाले कम्पनी सचिवले उपस्थित शेयरधनीहरु समक्ष देहायका विवरणहरु प्रस्तुत गर्नुभयो ।

१. लुम्बिनी विकास बैंकको तेह्रौं वार्षिक साधारण सभाको सभा हुने मिति, स्थान, समय र छलफलका विषय बारेको पहिलो सूचना साधारण सभा हुनु भन्दा २१ दिन अगावै शेयरधनीहरुको जानकारीको लागि २०७७ पौष ५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा तथा दोश्रो सूचना मिति २०७७ पौष १९ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको ।

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था वमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न आज मिति २०७७ पौष २६ गते आइतबार स्वयं तथा प्रोक्सी मार्फत जम्मा ४४७ जना शेयरधनीहरुबाट विकास बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५४.३५% को प्रतिनिधित्व हुने गरी उपस्थित जनाई सकेको हुँदा साधारण सभा बैधानिक भएको व्यहोरा जानकारीका लागि अनुरोध भएको ।

(ख) **गणपुरक संख्या :**

विकास बैंकको शेयरधनी कायम भएका शेयरधनीहरु तथा उनीहरुले लिएको साधारण शेयरको विवरण देहाय वमोजिम रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कुल संख्या | शेयरधनी | ३६० | ४१,५८० | ४१,९४० |
| | शेयर | १,३८,८६,४३१.२९ | १,३२,७६,६८६.०० | २,७१,६३,११७.२९ |

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या (बैंकका शेयरधनीहरुको स्वयं, Zoom मार्फत तथा प्रतिनिधि मार्फत भएको उपस्थिती एवं उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं तथा Zoom मार्फत उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल उपस्थिति प्रतिशतमा |
|---|---|---|---|---|---|
| **शेयर** | २,७१,६३,११७.२९ | १२,४०,१०० | १,३५,२२,३५८ | १,४७,६२,४५८ | ५४.३५% |
| **शेयरधनी** | ४१,९४० | ११९ | ३२८ | ४४७ | |

शेयरधनीहरुको उपस्थिति विवरणको जानकारी दिदै कानून बमोजिम बोलाईएको साधारण सभामा बैंकको नियमावलीको प्रावधान र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) को गणपुरक सम्बन्धी प्रावधान वमोजिम यस तेह्रौं वार्षिक साधारण सभामा पेश गरिएका प्रस्तावहरुमा निर्णय लिन समेत आवश्यक गणपुरक संख्या पुगेको हुँदा सभापतिज्यूले सभा शुभारम्भ गर्नुभयो ।

Lumbini Bikas Bank Limited Head Office

४. **सभाको सभापतित्व :**

वार्षिक साधारण सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री दशरथ रिसालज्यूले तेह्रौं वार्षिक साधारण सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात् उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै छलफलका लागि तय गरिएका विषयहरु अनुसार सभाको कार्यक्रम अघि बढाउनु भयो ।

५. **छलफलका लागि प्रस्तावहरुको प्रस्तुति :**

तेह्रौं वार्षिक साधारण सभाका सभापति एवं बैंक सञ्चालक समितिका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन लगायत अन्य सामान्य तथा विशेष प्रस्तावहरु समेत साधारण सभामा पेश गर्नुभयो । आ.व. २०७६/७७ मा विकास बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको उल्लेख गर्दै विकास बैंकको भावी रणनीति बारे सभामा जानकारी गराउनुभयो । साथै, विकास बैकको प्रगतिको लागि बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।

तत्पश्चात अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव हरि कृष्ण सुवेदीले साधारण सभाबाट पारित गर्नुपर्ने प्रस्तावहरुवारे सभा समक्ष निम्न अनुसार बुँदागत रुपमा पेश गर्नुभयो ।

**छलफलका बिषयहरु :**

१) आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षण समितिको सिफारिस वमोजिम आ.व. २०७७/७८ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ वमोजिम हालका लेखापरीक्षक Khagendra & Associates पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७६/७७ को मुनाफा, संचित मुनाफा तथा शेयर प्रिमियम रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ३% ले हुन आउने नगद लाभांश रु ८,१४,८९,३५१।८६ (अक्षरेपी आठ करोड चौध लाख उनान्नव्वे हजार तीन सय एकाउन्न र पैसा छयासी मात्र ।) (नगद लाभांश तथा वोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

५. कम्पनी ऐन २०६३ वमोजिम संस्थापक समुहको रिक्त स्थानमा बाँकी कार्यकालको लागि नयाँ सञ्चालक श्री केशब खतिवडाको नियुक्ति अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७६/७७ को मुनाफा, संचित मुनाफा तथा शेयर प्रिमियम रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ७% ले हुन आउने रकम रु १९,०१,४१,८२१।-(अक्षरेपी उन्नाईस करोड एक लाख एकचालीस हजार आठ सय एक्काईस मात्र) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु. २,७१,६३,११,७२८/५५ (अक्षरेपी दुई अर्ब एकहत्तर करोड त्रिसठ्ठी लाख एघार हजार सातसय अठ्ठाईस र पैसा पचपन्न मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. २,९०,६४,५३,५४९.५५ (अक्षरेपी दुई अर्ब नब्बे करोड चौंसठ्ठी लाख त्रिपन्न हजार पाँचसय उनान्पचास र पैसा पचपन्न मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

३) वोनस शेयर जारी पछि कायम हुने जारी र चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रवन्धपत्रको दफा ५ को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने साथै नियमावलीको दफा १० (६) मा सञ्चालक समितिको बैठक बस्ने व्यवस्था सम्बन्धमा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।



Lumbini Bikas Bank Limited * Head Office *

४) यस विकास बैंक अन्य कुनै बैंक तथा वित्तीय संस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याँकनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध:

६. **छलफलको लागि आह्वान :**

तत्पश्चात् तेह्रौं वार्षिक साधारण सभामा छलफलको लागि तय गरिएका निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए बमोजिम प्रस्तावहरु उपर छलफलका लागि आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई छलफलमा सहभागी हुन अध्यक्षज्यूबाट अनुरोध भयो ।

७. **छलफलमा सहभागी हुने शेयरधनीहरु :**

साधारण सभामा प्रस्तुत विषय उपर छलफलका लागि अध्यक्षज्यूबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो ।

१. श्री राम गोपाल महर्जन
२. श्री चन्द्र नारायण श्रेष्ठ
३. श्री मकर बहादुर सार्की
४. श्री नरसिंह लाल चखुँ (लिखित मन्तव्य)

८. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका मन्तव्य, जिज्ञासा तथा सुझावहरुको संक्षिप्त विवरण :**

१. **श्री राम गोपाल महर्जन**

- कोभिड १९ को असहज परिस्थितीमा समेत समयमै साधारण सभा सम्पन्न गरेकोमा बधाई तथा १० % लाभांशको लागि धन्यवाद ।
- बैंकको खुद व्याद आम्दानी बृद्धि गर्न, अन्य आयस्रोत बढाउन साथै निष्क्रिय कर्जा घटाउन सुझाव छ ।
- खर्चमा कटौती गरेको देखिन्छ । यसलाई अझै घटाउने तर्फ पहल गर्नुहुन ।
- कर्जा तथा निक्षेप बृद्धिदर अलि कम भयो यसतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।
- वार्षिक प्रतिवेदन समयमै उपलब्ध हुने व्यवस्था गर्नुहुन ।
- यस तेह्रौं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

२. **श्री चन्द्र नारायण श्रेष्ठ**

- लुम्बिनी विकास बैंकको तेह्रौं वार्षिक साधारण सभामा अनलाईन मार्फत सहभागिता हुन पाउँदा खुशी लागेको छ ।
- कोभिड १९ को असहज परिस्थितीमा समेत १० प्रतिशत लाभांशको लागि धन्यवाद ।
- हालको असहज अवस्थामा कर्जा तथा निक्षेपको बृद्धि सन्तोषजनक छ ।
- विकास बैंकले तय गरेका आगामी कार्ययोजनाहरुको सफल कार्यान्वयन गर्नुहुन ।
- अपलेखित कर्जाहरुको असुलीमा ध्यान पुऱ्याउनुहुन ।
- लगानीमा रहेको शेयरको उचित तवरले विक्री गरी आम्दानी बढाउनु हुन ।
- वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

३. **श्री मकर बहादुर सार्की**

- लुम्बिनी बिकास बैंकको साधारण सभामा सहभागी हुन पाउँदा खुशी लागेको छ ।
- १० प्रतिशत लाभांशको लागि धन्यवाद ।
- लुम्बिनी विकास बैंक प्रतिस्पर्धी भएर अगाडि आएको छ ।
- ईमेल मार्फत वार्षिक प्रतिवेदन पठाउनु भएकोमा धन्यवाद ।
- बैंकको चुक्ता पूँजी मजवुत भएको छ ।
- प्रदेश नं २ मा लुम्बिनी विकास बैंकको मजबुत उपस्थिती बनाउन सुझाव छ ।
- तेह्रौं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

४. **श्री नरसिंह लाल चखुँ (लिखित मन्तव्य)**

१. यस विकास बैंकको वार्षिक प्रतिवेदन हेर्दा विकास बैंकले आफ्नो कार्यक्षमतामा व्यापक सुधार गरेको देखिन्छ ।

२. लगानीकर्ताहरुको लागि यस्तो कोभिडको अवस्थामा पनि प्रतिफलको राम्रो व्यवस्था गर्न सकेकोमा बैंकको सम्पूर्ण टिमलाई धन्यवाद दिन चाहन्छु ।

३. बैंकको त्रैमासिक रिपोर्ट हेर्दा खुद व्याज आम्दानीमा अझै सुधार हुनुपर्ने देखिन्छ ।

४. आम्दानीका शीर्षकहरुमा सुधार भएको छ ।

५. बैंकिङ कार्यक्रममा सुधार एवं प्रबर्धन भएको छ । अझ सुधारको गतिमा अग्रसर हुनुपर्छ ।

६. सञ्चालन नाफा, खुद नाफामा सन्तोषजनक सुधार भएको छ ।

७. सुचकाङ्कहरुमा सुधार आएको छ, यसलाई निरन्तरता दिईनुपर्छ ।

८. तेह्रौं वार्षिक साधारण सभावाट शेयरधनीहरुलाई चुक्ता पूँजीको ३ प्रतिशत नगद र ७ प्रतिशत वोनस गरी कुल १० प्रतिशत प्रतिफल दिन सकेकोमा धन्यवाद दिन चाहन्छु ।

९. अन्त्यमा यस विकास बैंकले समयमा नै साधारण सभा सम्पन्न गरेको छ । आगामी वर्षहरुमा पनि यस्तै प्रकारले उच्च दरले प्रतिफल पाउनका लागि व्यवसाय अभिबृद्धि गराई उपयुक्त वजार भएको ठाउँमा शाखाहरु विस्तार गरी समग्र वाशलातमा बृद्धि गर्न सकोस भनी शुभकामना तथा बधाई दिन चाहन्छु ।

## ९. मन्तव्य, जिज्ञासा तथा सुझावहरुको जवाफ :

साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरुका सम्बन्धमा व्यवस्थापनसंग सम्बन्धित विषयमा अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री नरेश सिंह बोहराज्यूले जवाफ प्रस्तुत गर्नुभयो । तत्पश्चात सञ्चालक समितिका अध्यक्ष श्री दशरथ रिसालज्यूले साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरु विकास बैंकको प्रगतिको लागि महत्वपूर्ण कोशेढुङ्गा सावित हुने बताउँदै शेयरधनीहरुवाट प्राप्त अमुल्य टिप्पणीहरु तथा राय सुझावहरुलाई मार्गदशनको रुपमा लिई अगाडि बढ्ने बताउनु भयो । अध्यक्षज्यूले विकास बैंक विगतको तुलनामा सवल भईसकेकोले शेयरधनीहरुलाई निरन्तर प्रतिफल दिने व्यहोरा समेत शेयरधनीहरु माझ राख्नुभयो ।

शेयरधनी वक्ताहरुवाट वार्षिक प्रतिवेदनका सम्बन्धमा दिइएका सुझावहरुलाई आगामी दिनहरुमा सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै शेयरधनीहरुवाट प्राप्त अमुल्य मन्तव्य तथा राय सुझावहरुका लागि धन्यवाद दिनुंहुँदै सुधारका कार्यलाई दृढताका साथ अगाडि बढाईने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

Lumbini Bikas Bank Limited
Head Office

१०. **पारित प्रस्ताव तथा निर्णयहरु :**

अध्यक्षज्यूको प्रतिक्रिया तथा जवाफ प्रस्तुत गरे पश्चात् साधारण सभामा पूर्व सूचित छलफलका विषयहरु पारित गर्न शेयरधनीहरु समक्ष एक एक गरी वाचन गरी पेश गरिएका प्रस्तावहरुमा सहमति भएमा ताली बजाई पारित भएको जनाउ दिनुहुन सभापतिज्यूले अनुरोध गर्नुभयो ।

तत्पश्चात सभापतिज्यूको निर्देशन वमोजिम कम्पनी सचिवले साधारण तथा विशेष प्रस्तावहरु एक एक गरी क्रमैसंग साधारण सभा समक्ष पेश गरेपछि हरेक प्रस्तावमा शेयरधनीज्यूहरुवाट ताली वजाएर सर्वसम्मत रुपमा स्वीकृति प्राप्त भएकोले सभापतिज्यूले तपशिलमा उल्लेख भए वमोजिम पेश गरिएका सवै प्रस्तावहरु तेह्रौं वार्षिक साधारण सभाबाट पारित भएको जानकारी सभा समक्ष गराउनुभयो ।

**क) साधारण प्रस्ताव तर्फ :**

१) सञ्चालक समितिको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन छलफल गरि सर्वसम्मतिले पारित गरियो ।

२) लुम्बिनी विकास बैंक लि.को लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु परित गरियो ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७७/७८ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने सम्बन्धमा बैंकको लेखापरीक्षण समितिमा पेश हुन आएका प्रस्तावहरु मध्ये योग्य देखिएका प्रस्तावक कम्पनीहरु क्रमशः खगेन्द्र एण्ड एसोसिएटस्, श्याम कार्की एण्ड कं., र के ए एस एसोसिएटस मध्येवाट सिफारिस गर्न मिति २०७७/९/३ मा वसेको लेखापरीक्षण समितिमा छलफल पश्चात उक्त समितिवाट सिफारिस भए बमोजिम खगेन्द्र एण्ड एसोसिएटस्वाट प्रस्तावित लेखापरीक्षण शुल्क अन्यको तुलनामा न्यून रहेको, विगत आ.व.२०७५/७६ तथा आ.व. २०७६/७७ मा समेत यस विकास बैकको वाह्य लेखापरीक्षक नियुक्त भई समयमै कार्य सम्पन्न गरेको, विभिन्न बैंक वित्तीय संस्थाहरुको लेखापरीक्षण सम्पन्न गरेको अनुभव, कार्यक्षमता एवं कम्पनीको साखः समेतको आधारमा मुल्याङ्कन गरी हेर्दा आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण (वाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट तथा दफा ७८ प्रमाणिकरण समेत) सम्पन्न गर्न लेखापरीक्षण शुल्क रु ५,००,०००/- (अक्षेरेपी पाँच लाख मात्र) तथा लेखापरीक्षण खर्च वापत रु ४,७५,०००/- (अक्षेरेपी चार लाख पचहत्तर हजार मात्र) गरी कुल रकम रु ९,७५,०००/- (अक्षेरेपी नौ लाख पचहत्तर हजार मात्र) कर सहित भुक्तानी दिने गरी श्री खगेन्द्र एण्ड एसोसिएटसलाई आ.व. २०७७/७८ को लागि वाह्य लेखापरीक्षकको रुपमा पुनः नियुक्त गर्ने प्रस्ताव पारित गरियो ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७६/७७ को मुनाफा, संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ३% ले हुन आउने नगद लाभांश रु ८,१४,८९,३५१।८६ (अक्षरेपी आठ करोड चौध लाख उनान्नब्बे हजार तीन सय एकाउन्न र पैसा छयासी मात्र ।) (नगद लाभांश तथा वोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव पारित गरियो ।

५) सञ्चालक समितिले संस्थापक समुहको रिक्त सञ्चालक पदमा कम्पनी ऐन २०६३ को दफा ८७ को व्यवस्था वमोजिम मिति २०७६/११/२९मा वसेको ३५९औं बैठकले बाँकी कार्यकालको लागि नयाँ सञ्चालकमा श्री केशव खतिवडालाई गरेको नियुक्ति अनुमोदन गरियो ।

Lumbini Bikas Bank Limited
Head Office

**ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७६/७७ को मुनाफा, संचित मुनाफा तथा शेयर प्रिमियम रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ७% ले हुन आउने रकम रु १९,०१,४१,८२१।-(अक्षरेपी उन्नाईस करोड एक लाख एकचालीस हजार आठ सय एक्काईस मात्र) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु. २,७१,६३,११,७२८/५५ (अक्षरेपी दुई अर्ब एकहत्तर करोड त्रिसठ्ठी लाख एघार हजार सातसय अठ्ठाईस र पैसा पचपन्न मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. २,९०,६४,५३,५४९.५५ (अक्षरेपी दुई अर्ब नब्बे करोड चौंसठ्ठी लाख त्रिपन्न हजार पाँचसय उनान्पचास र पैसा पचपन्न मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गरियो ।

३) वोनस शेयर जारी पछि कायम हुने जारी र चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने साथै नियमावलीको दफा १० (६) मा सञ्चालक समितिको बैठक बस्ने व्यवस्था सम्बन्धमा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव पारित गरियो ।

४) यस विकास बैंक अन्य कुनै बैंक तथा वित्तीय संस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याँकनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्ने लगायत अन्य सम्पुर्ण प्रकिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियो ।

**ग) विविध:**

**११. निर्णय पुस्तिकामा हस्ताक्षर :**

यस तेह्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार वार्षिक साधारण सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले दस्तखत गर्ने निर्णय गरियो ।

**१२. धन्यवाद ज्ञापन**

अध्यक्षज्यूबाट सभामा छलफलका लागि विषय सूचीमा तोकिएका सबै विषयहरुमा छलफल गरी निर्णय लिई सकिएकोले यस तेह्रौं वार्षिक साधारण सभा सौहाद्रपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पुर्ण अतिथिहरु, कानूनी सल्लाहकारहरु, पत्रकार मित्रहरु बैंकको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि., कर्मचारीहरु, शुभचिन्तकहरु तथा प्रत्यक्ष परोक्ष रुपमा अमुल्य सहयोग गर्नुहुने सबैलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

Lumbini Bikas Bank Limited
Head Office

१३. सभा विसर्जन

आजको यस तेह्रौं बार्षिक साधारण सभामा छलफलको लागि प्रस्तुत साधारण तथा बिशेष प्रस्ताव सहितका विषय-सूची अर्न्तगतका सबै प्रस्तावहरु पारित भएको व्यहोरा जानकारी भएपछि लुम्बिनी विकास बैंक सञ्चालक समितिका अध्यक्ष तथा तेह्रौं वार्षिक साधारण सभाका सभापति श्री दशरथ रिसालज्यूले साधारण सभावाट पारित निर्णयहरु कार्यान्वयनको लागि व्यवस्थापनलाई निर्देशन दिनुहुँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

............................
हरि कृष्ण सुवेदी
कम्पनी सचिव

............................
दशरथ रिसाल
अध्यक्ष
सञ्चालक समिति

मितिः २०७७/०९/२६